प्रदेश सरकार

प्रदेश नं. ५

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

## दरखास्त आह्वानको सूचना

**सूचना प्रकाशित मिति : २०७७।०५।२७**

यस मन्त्रालय तथा मातहतका कार्यालय र यस प्रदेशभित्रका सबै स्थानीय तहका लागि विभिन्न प्राविधिक पदहरूमा सेवा करारमा काम गर्न चाहने योग्यता पुगेका नेपाली नागरिकले विज्ञापन प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिए अनुसारको दरखास्त दस्तुर सहित मन्त्रालयमा फाराम पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र "**सेवा करारमा प्राविधिक (अधिकृत तथा सहायकस्तर) कर्मचारी छनोट सम्बन्धी कार्यविधि, २०७७**" यस मन्त्रालयको वेवसाइट **www.molmac.p5.gov.np** बाट डाउनलोड गर्न सकिनेछ ।

| विज्ञापन नं. | पद/समूह | माग संख्या | काम गर्नुपर्ने स्थान/कार्यालय |
|---|---|---|---|
| १/२०७७/२०७८ | कम्प्युटर इन्जिनियर/विविध | १ | |
| २/२०७७/२०७८ | कृषि अर्थ विज्ञ/एग्री इको एण्ड मार्केटिङ | ७ | |
| ३/२०७७/२०७८ | खाद्य अनुसन्धान अधिकृत/खा.पो.गु.नि. | २ | |
| ४/२०७७/२०७८ | कृषि प्रसार अधिकृत/कृषि प्रसार | ४ | |
| ५/२०७७/२०७८ | बाली विकास अधिकृत/बाली विकास | १० | |
| ६/२०७७/२०७८ | बागवानी विकास अधिकृत/बागवानी | २ | |
| ७/२०७७/२०७८ | बाली संरक्षण अधिकृत/बाली संरक्षण | ५ | |
| ८/२०७७/२०७८ | पशु विकास अधिकृत/ला.पो.डे.डे. | ६ | |
| ९/२०७७/२०७८ | पशु चिकित्सक/भेटेरिनरी | ६ | |
| १०/२०७७/२०७८ | माटो विज्ञ/माटो विज्ञान | १ | |
| ११/२०७७/२०७८ | मत्स्य विकास अधिकृत/मत्स्य | १ | |
| १२/२०७७/२०७८ | प्राविधिक सहायक/एग्रीइको एण्ड मार्केटिङ | २ | मन्त्रालय तथा मातहतका कार्यालय |
| १३/२०७७/२०७८ | प्राविधिक सहायक/कृषि प्रसार | ३ | |
| १४/२०७७/२०७८ | प्राविधिक सहायक/बागवानी | ४ | |
| १५/२०७७/२०७८ | प्राविधिक सहायक/बाली संरक्षण | १ | |
| १६/२०७७/२०७८ | प्राविधिक सहायक/बाली विकास | १ | |
| १७/२०७७/२०७८ | प्राविधिक सहायक/माटो विज्ञान | २ | |
| १८/२०७७/२०७८ | पशु सेवा प्राविधिक/ला.पो.डे.डे | ३ | |
| १९/२०७७/२०७८ | पशु स्वास्थ्य प्राविधिक/भेटेरिनरी | २ | |
| २०/२०७७/२०७८ | प्राविधिक सहायक/खा.पो.गु.नि. | १ | |
| २१/२०७७/२०७८ | प्राविधिक सहायक/मत्स्य | २ | |
| २२/२०७७/२०७८ | नायब पशु स्वास्थ्य प्राविधिक/भेटेरिनरी | १ | |
| २३/२०७७/२०७८ | नायब पशु सेवा प्राविधिक/ला.पो.डे.डे. | १ | |

| | | | |
|---|---|---|---|
| २४/२०७७/२०७८ | कृषि अधिकृत | ७० | स्थानीय तह |
| २५/२०७७/२०७८ | पशु चिकित्सक | २१ | |
| २६/२०७७/२०७८ | पशु विकास अधिकृत | ७ | |
| २७/२०७७/२०७८ | मत्स्य विकास अधिकृत | ११ | |

**परीक्षाको किसिम** : अन्तर्वार्ता

**दरखास्त दस्तुर** : कृषि तथा इञ्जिनियरिङ सेवाका अधिकृत पदका लागि एक हजार रुपियाँ तथा सहायक पदका लागि पाँच सय रुपियाँ दरखास्त दस्तुर लाग्नेछ । उक्त दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको खाता नं. १०००२०००१००००, कार्यालय कोड ३१२००४८०१५, राजस्व शीर्षक नं. १४२२४ मा जम्मा गर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मिति** : २०७७।०६।१०

**आवश्यक कागजातहरू** : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू १/१ थान, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ थान, दरखास्त दस्तुर बुझाएको सक्कल रसिद, अनुभव वा तालिम भए सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (अनुभवको हकमा नियुक्तिपत्रको प्रतिलिपि), पशु चिकित्सक पदका लागि काउन्सिल दर्ता प्रमाणपत्र ।

**उम्मेदवारको उमेरको हद** : अधिकृतस्तर पदको हकमा २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्यादसम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको र सहायकस्तरको हकमा १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्यादसम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको ।

**पदमा रही गर्नुपर्ने कामको विवरण** : सेवा, समूह सम्वन्धी ।

**तलब** : प्रचलित कानून बमोजिम ।

**अन्तर्वार्ता हुने मिति, समय र स्थान** : संक्षिप्त सूची प्रकाशन हुँदा सोही सूचनामा जानकारी गराइनेछ ।

**नोट : उपरोक्त पदहरूमा स्थायी वा समायोजन भई पदपूर्ति भएमा करार सम्झौता स्वत: खारेज हुनेछ । साथै म्याद नाघी आएका र रीत नपुगेका दरखास्तलाई मान्यता दिइने छैन ।**

## आवश्यक न्यूनतम योग्यता

१) **कृषि सेवाको अधिकृतस्तर पदका लागि** : मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि, पशुपालन, भेटेरिनरी, खाद्य तथा कृषि इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । साथै एग्री इको एण्ड मार्केटिङ एण्ड स्टाटिस्टिक्स समूहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री विजनेस मुख्य विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

२) **कृषि सेवाको सहायकस्तर पदका लागि** : कृषि, पशुपालन, भेटेरिनरी, खाद्य तथा कृषि ईन्जिनियरिङ विषयमा पाँचौं तहका लागि प्रमाणपत्र तह वा ३ वर्षे डिप्लोमा वा जे.टि. कोर्ष र चौथो तहका लागि प्राविधिक एस.एल.सी. (प्रवेशिका परीक्षा) / जे.टि.ए. वा सो सरह उत्तीर्ण गरेको ।

३) **ईन्जिनियरिङ सेवाका कम्प्युटर अधिकृत पदका लागि** : मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर विज्ञान वा कम्प्युटर ईन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको ।